बालबालिकाको हेरचाहमा ध्यान दिऔं ।
- तीन वर्षको उमेरसम्ममा बालबालिकाको ८० प्रतिशत मस्तिष्क विकास भइसक्छ ।
- उनीहरूले खाने हरेक खानाको ७५ प्रतिशत भाग मस्तिष्क निर्माणमा उपयोग हुन्छ ।
- बालबालिकासँग १५ मिनेट खेल्नाले मस्तिष्कको हजारौं कोषिका चलायमान बनाउन सकिन्छ ।
- बालबालिकाको सन्तुलित खाना र हेरचाहमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख १८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 01 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४०

## पोखरिया नपाबाहेक १३ पालिकामा मन्त्रालयले तोके अनुसार प्रमुख प्रशासकीय अधिकृत

प्रस, वीरगंज, १७ वैशाख/

पर्सा जिल्लाका १४ वटा पालिकामध्ये अहिले पोखरियाबाहेक सबै पालिकामा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देश गरे अनुसार सहसचिव, क्रमशः शेरे मुस्तुफा, छविरमण भट्टराई (उपसचिव) र पालिकाहरूमा छिपहरमाई, धोबिनी, विन्ध्यवासिनी, जगरनाथपुर, पटेर्वासुगौली, ठोरी, जीराभवानी, कालिकामाई, सखुवाप्रसौनी




पोखरिया नगरपालिका । तस्वीरः फाइल

उपसचिव र शाखा अधिकृतहरू प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यरत छन् ।

मन्त्रालयले गत वर्षको अन्तिमतिर पालिका तहमा महानगरमा सहसचिव, उपमहानगर/नगरपालिकामा उपसचिव र पालिकाहरूमा शाखा अधिकृतको दरबन्दी कायम गरेको थियो । यसअघि पर्सा जिल्लाका अधिकांश पालिकामा अधिकृतहरूले नै निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी निर्वाह गर्दै आइरहेका थिए । अहिले वीरगंज महानगरमा लक्ष्मीप्रसाद पौडेल सहसचिव, बहुदरमाई र पर्सागढी नगरपालिकामा र पकाहामैनपुरमा क्रमशः राकेश ओझा, नवाज हुसेन, राजु साह, कृष्णनन्दन राय, सन्देश यादव, कृष्णलाल श्रेष्ठ, जयचन्द्र साह, अमित गिरी, देवनाथ साह र राजु कुशवाहा (शाखा अधिकृत) प्रमुख प्रशासकीय अधिकृतमा कार्यरत छन् ।

पोखरिया नपामा मात्र अहिलेसम्म प्रमुख प्रशासकीय अधिकृतको टुङ्गो लागिसकेको छैन । नगरप्रमुख प्रद्युम्न चौहानले आजभोलिमा प्रमुख प्रशासकीय अधिकृतको टुङ्गो लाग्ने बताए । उनले आफू अहिले सोही विषयलाई लिएर काठमाडौं पुगेको र एक/दुई दिनमा टुङ्गो लाग्ने बताए । उनले मन्त्रालयले जिम्मेवारी तोकेर पठाउनुपर्नेमा विभिन्न कारणवश ढिला भएको तर अब चाँडै टुङ्गो लाग्ने बताए ।

पोखरिया नपामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा कर्मचारीहरूले तलबसमेत पाएका छैनन् । सामाजिक सुरक्षा भत्ता पनि अहिलेसम्म वितरण भएको छैन । यसैगरी, शैक्षिक क्षेत्रको काम पनि प्रभावित भएको छ । विकास निर्माणका काम ठप्प छन् । भुक्तानी नपाएकाले ठेकेदारहरूले काम अगाडि बढाएका छैनन् ।

वैशाख आधा बितिसक्दा पनि प्रमुख प्रशासकीय अधिकृत नहुँदा यस वर्षको बजेट फ्रिज हुने आशङ्का बढ्दैछ । भुक्तानी अभावले तोकिएको समयमा कार्य सम्पन्न नहुने र रकम फ्रिज हुने सम्भावना बढेको जानकारहरू बताउँछन् । पोखरिया नपामा स्थानीय तह गठन भएदेखि छ वर्षको अवधिमा १२ जनाभन्दा प्रमुख प्रशासकीय अधिकृत परिवर्तन भइसकेका छन् । जनप्रतिनिधि र मन्त्रालयबीच समन्वय नहुँदा पोखरियामा प्रमुख प्रशासकीय अधिकृतहरू नटिकेका हुन् ।

पछिल्लो समय फागुन १० गते मन्त्रालयले उपसचिव धर्मानन्द जोशीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर पठाएको थियो । तर पोखरिया नपाका जनप्रतिनिधिहरूले उनलाई कार्य गर्न अवरोध गरेपछि उनी डेढ महीनामैं मन्त्रालय फिर्ता भए । उनी अघि स्वास्थ्य विभागका अजय श्रीवास्तव निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर काम गरेका थिए । अहिले पनि उनी पोखरिया नपामैं छन् तर अधिकृतको रूपमा मात्र कार्य गरिरहेका छन् ।

## नक्कली नेरुसहित तीनजना नाबालक पक्राउ

प्रस, वीरगंज, १७ वैशाख/

नक्कली नोटसहित प्रहरीले जगरनाथपुर गाउँपालिका–४ बाट तीनजना नाबालकलाई पक्राउ गरेको छ ।

वैशाख १५ गते शुक्रवार तीनजना नाबालक जगरनाथपुर गापा–४ जगरनाथपुरस्थित किरानापसलमा सामान खरीद गर्न गएका र उनीहरूले दिएको तीनवटा रु पाँच सयको नोट शङ्का लागेर किरानापसलेले प्रहरीलाई खबर गरेका थिए ।

स्थानीय प्रहरीले नक्कली तीनवटा नोटसहित नाबालकहरूलाई पक्राउ गरेको थियो । उनीहरूबाट नक्कली नोटको बारेमा थप कुरा खुल्न नसकेपछि जिल्ला प्रहरी कार्यालय, पर्सा पठाइएको थियो । स्थानीय प्रहरीले घटनाको भोलिपल्ट तीनजना नाबालकको घरमा छापामारी गरेको तर थप कुनै प्रमाण फेला नपरेको बताइएको छ ।

जिप्रका, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले १०, १२ र १६ वर्षीय तीनजना नाबालक नक्कली नोटसहित पक्राउ परेको पुष्टि गरे । उनले १६ वर्षीय नाबालकलाई हिरासतमा राखेर सोधपूछ भइरहेको र १० र १२ वर्षीय दुई नाबालकलाई अभिभावकको निगरानीमा सोधपूछ




तस्वीरः फाइल

भइरहेको बताएका छन् । उनले नाबालकहरूले अरूबाट सो रकम पाएको तर दिने व्यक्तिको नाम बताउन नसकेको बताए ।

पर्साको ग्रामीण क्षेत्रबाट नक्कली नोट बरामद भएको घटनालाई प्रहरीले गम्भीरतापूर्वक लिएको छ । नक्कली नोट कारोबारीहरूले ग्रामीण क्षेत्रलाई लक्षित गरेर कारोबार शुरू गरेका र यसमा नाबालकहरूको प्रयोग भएको भन्दै अनुसन्धान गरिरहेको जिप्रका, पर्साले जनाएको छ ।

## गौशालामा निर्माण भएका अवैध संरचना भत्काइयो



जीतपुरसिमरा उपमनपा–७ गौशालाको भौतिक संरचना तोडफोड गरिंदै । तस्वीरः सौजन्य

नरेश यादव, पर्सागढी, १७ वैशाख/

जीतपुरसिमरा उपमहानगरपालिका–७ अन्तर्गत गौशालाको जग्गामा रहेको संरचना आइतवार उपमहानगरपालिकाले भत्काएको छ ।

वर्षौंदेखि सार्वजनिक जग्गामा केही व्यक्तिले सटर निर्माण गरी लाखौं रुपियाँ बर्सेनि भाडा उठाइरहेका थिए । अदालतले सार्वजनिक जग्गा उपमहानगरपालिकाको मातहतमा रहने निर्णय गरे पनि ती व्यक्तिहरू अटेर गरी बसेका थिए ।

उपमहानगरपालिकाले पनि पटकपटक जग्गा खाली गर्न पसलेहरूलाई पत्राचार गर्दै आएको थियो । तर पत्रको बेवास्ता गरी पसल खाली नगरिएपछि आज नगरप्रमुख राजन पौडेल आफैं उपस्थित भएर दुईवटा जेसिबी लगाएर अवैध निर्माण भत्काएका हुन् ।

आज केही भौतिक संरचना भत्काइएपछि पसलेहरूले समय माग गरेका थिए । जेसिबीबाट भत्काउँदा सटरभित्रका सामानमा क्षति पुगेको भन्दै उनीहरूले आफैं भत्काउन समय मागेका हुन् । पसलेहरूले आइतवार साँझ आफैंले पसल खाली गरिदिने बताउँदै जेसिबी रोक्न आग्रह गरेका थिए ।

संरचना भत्काउने क्रममा नगरप्रमुख पौडेलसँग पसलेहरूले हुलहुज्जत गर्न खोजेका थिए ।

नगरप्रमुख पौडेलले उपमहानगरमा रहेका सार्वजनिक जग्गाहरू क्रमशः खाली गराउँदै जाने बताए । उनले कसैलाई पनि काखापाखा नगर्ने र उपमहानगरले सार्वजनिक जग्गा नियन्त्रणमा लिने बताए । उनले सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेका सबैलाई आफैंले खाली गर्न आग्रह गर्दै उपमहानगरले खाली गराउनुपरेमा लाग्ने क्षतिसमेत सम्बन्धित व्यक्तिसँग असुलउपर गर्ने चेतावनी दिएका थिए । नगरप्रमुखसँगै प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी, वडाध्यक्षहरू सुनीलकुमार गुप्ता, ईश्वर केसी, धनबहादुर श्रेष्ठलगायतको सहभागिता थियो ।

## मौलापुर नपामा सामग्री खरीदमा अनियमितता

प्रस, रौतहट, १७ बैशाख/

मौलापुर नगरपालिकामा व्यायामशाला तथा योग केन्द्रका सामग्री खरीदमा अनियमितता भएको छ ।

मौलापुर नगरपालिकाका निमित प्रशासकीय अधिकृत रामबाबू साह र लेखापाल जयप्रकाश साहको मिलेमतोमा व्यायामशाला तथा योग केन्द्रमा अनियमितता भएको बताइन्छ । २०७९ फागुन २ गते व्यायामशाला र योग केन्द्रको उद्घाटन भएको थियो ।

व्यायामशाला र योग केन्द्रमा रु २० लाखको सामग्री राख्ने गरी सप्लायर्सको नाममा भुक्तानी पनि भइसकेको छ ।

तत्कालीन अवस्थामा निमित्त प्रशासकीय अधिकृत साह र लेखापाल साहले उद्घाटनपछि सामग्री राखिने जानकारी गराएका थिए । तर अढाई महीना बितिसक्दा पनि सामान राखिएको छैन ।




तस्वीरः प्रतीक

निमित्त प्रमुख प्रशासकीय अधिकृत साहले सामान खीरदको प्रक्रियामा रहेकोले ढिला भएको बताएका छन् । उनले रकम हिनामिनाको आरोप मिथ्या भएको बताए ।

## शिक्षक महासङ्घद्वारा छिपहरमाई गापामा धर्ना

प्रस, भिस्वा, १७ वैशाख/

नेपाल शिक्षक महासङ्घ, छिपहरमाई गाउँपालिकाले आइतवार गापा कार्यालयमा दुई घण्टा धर्ना दिएको छ । नेपाल शिक्षक महासङ्घको अगुवाइमा नेपाल शिक्षक सङ्घ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, समाजवादी शिक्षक फोरमसमेतको सहभागितामा आज दुई घण्टा धर्ना दिइएको हो ।

महासङ्घका अध्यक्ष गगनदेवप्रसाद यादवले छिपहरमाई गापाले शैक्षिक क्षेत्रमा ध्यान नदिएको आरोप लगाए । उनले शिक्षकहरूको तलब चैत महीनादेखि बाँकी रहेको, पोशाक नदिएको, माघदेखि दिवाखाजा भत्ताको रकम नपठाएको, पाठ्यपुस्तक उपलब्ध नगराएकोजस्ता गुनासाहरूप्रति ध्यानाकर्षण गराउँदै आएको तर सुनवाइ नभएपछि धर्ना दिएको बताए । उनले गुनासाहरू यथाशीघ्र समाधान नभएमामा



तस्वीरः प्रतीक

आन्दोलनका थप कार्यक्रम गर्ने चेतावनी दिए ।

धर्ना कार्यक्रममा महासङ्घका कामु सचिव प्रमोद दास तत्वा, शिक्षक सङ्घका अध्यक्ष सुरेश साह कानू, सङ्गठनका प्रभु गिरी, समाजवादी शिक्षक फोरमका ज्ञानेश्वर सिंहलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**लुगा र अनुहार प्रायः झूटो बोल्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# असुरक्षित सडक

**नियमको अवज्ञा गर्दा सडक, मृत्युमार्गमा परिणत हुँदैछ । हाम्रो सडकमा नियम पालना नगर्नेहरूको भीड छ । पालना गराउने जिम्मेवारी लिएर बसेका निकाय तथा अधिकारी दायित्व निर्वाह गर्दैनन् । 'दाम चढाएपछि भगवान्ले त कति खत मिनाहा गरिदिन्छन्' भन्ने गलत बुझाइ भएकाहरू आफ्नै हातमा दाम आएपछि आफूलाई सबैभन्दा ठूलो ठान्छन् र अपराधलाई पनि 'तथास्तु' भनेर मुक्ति दिन्छन् । सडकमा तोकिएभन्दा बढी लोड बोकेर सवारी चलाउन पाईंदैन, तोकिएको सवारीले मात्रै तोकिएको वस्तु ढुवानी गर्न पाउँछ, छाइँ, नदीजन्य पदार्थ, माटो ओसारपोसार गर्दा नपोखिने तथा अन्य यात्रुलाई बाधा नपर्ने गरी व्यवस्थापन गर्नुपर्छ, निर्माण सामग्रीको सुरक्षा सतर्कता अपनाएर मात्र ढुवानी पैठारी गर्न पाइन्छ, साथै ट्राफिक नियम पूर्णरूपमा पालना गर्नुपर्छ भन्ने ज्ञान सवारी चालकलाई छ । जानाजान वा अन्जानमा कुनै गल्ती भएको पाइएमा सचेत गर्न र आवश्यक भए कारबाई गर्न सडकमा सुरक्षाकर्मी राखिएका छन् । सडक केन्द्रमा खडा गरिएका विभिन्न सुरक्षा पोस्टहरूको महत्त्वपूर्ण जिम्मेवारीमध्ये 'सडक सुरक्षा' पनि हो । ती पोस्ट एवं कार्यालय तथा सडक सुरक्षामा तैनाथ जनशक्ति दामबाट प्रभावित हुँदा हाम्रा सडकहरू असुरक्षित बन्दै मृत्यु मार्गमा परिणत भइरहेका छन् ।**

**बाराको सिसहनिया सडकमा टयाक्टरमा लोड फलामे रडले घोपेर मोटरसाइक चालकको ज्यान गयो । यो पहिलो घटना होइन । यस अघि पनि मुलुकका विभिन्न स्थानमा यही प्रकृतिका कैयन घटना घटिसकेका छन् । त्यसैगरी हुस्सु लागेको बेला वा रातको समय ब्याक लाइटविना सडकमा उभ्याएर राखेका सवारी साधनमा अर्को सवारी साधन ठोकिएर ज्यान जाने गरेका घटनाहरू छन् । साना सवारीहरूले ठूला र जोखिमयुक्त सामग्री बोकेर हिंड्ने गर्दा सडक दुर्घटना भएका छन् । छाइ, बालुवा, माटो, कोइलालगायत असुरक्षित तरीकाले ओसारपोसार गर्दा सडकमा सवारी चलाउने अन्य यात्रुको आँखामा पर्न गई दुर्घटना निम्तिएका छन् । यस किसिमको दुर्घटनामा नियम पालना नगरी चल्नेहरूको दोष छ तर ट्राफिक नियम पालना गरेर हिंडेका यात्रुहरू पनि अनाहक चपेटमा पर्ने गरेका छन् । केही पक्षले लापरवाही गर्दा नियम पालना गर्ने पक्षले पनि दुर्घटनाको सामना गर्नु परिरहेको छ । कालोपत्रे सडकमा फलामे छठ पनि काल नै देखिन्छ, टयाकटरको पछाडि यसै पनि बत्ती कमजोर हुन्छ, बत्ती राम्रै रहेछ भने पनि भालाझैं तेर्सिएका छड हतपत ठम्याउन गाह्रो हुन्छ ।**

**सडकमा गुड्ने सवारी अकस्मात् प्रकट भएको होइन, स्थलमार्ग हुँदै आएको हुन्छ । सडकमा तैनाथ सुरक्षा एकाइलाई जानकारी नहुने होइन । उसले निगरानी गरिरहेको र चेतावनी पनि दिइरहेकै हुन्छन् । फेरि अगाडि बढ्ने इजाजत पनि सुरक्षाकर्मीले नै दिएका हुन्छन् । किनभने यसबीच दामको कुरा छ । सडकमा पालना गर्नुपर्ने नियमलाई कुनै पनि बहानामा अनदेखा गर्दा त्यसले प्रत्यक्षरूपमा जनधनको क्षति निम्त्याउने हुँदा यो गम्भीर र अक्षम्य अपराध हो । नियम पालना नगर्ने सवारी तथा चालक दोषी छ नै, त्यसलाई बेवास्ता गरी हरियो सङ्केत दिने सुरक्षाकर्मी झन बढी दोषी छ । ऊ सरकारी तलबधारी प्रशिक्षित जनशक्ति हो । दुर्घटनाको छानबीन हुँदा जोखिम युक्त लोड बोकेको सवारी सडकमा प्रवेश गरेको स्थान र घटनास्थलबीच पर्ने सुरक्षा निकायलाई कारबाईको दायरामा ल्याउनु जरुरी छ ।**

# राजनीतिक इमानदारिता र अमेरिकाको विकास

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com


**यो उपलब्धि राजनीतिक स्थायित्व, नेताहरूको जोश, समर्पण र दृढता र सबैभन्दा ठूलो मानव संसाधन व्यवस्थापनबाट सम्भव भएको हो । यसबाट हाम्रा नेताहरूले कहिले सिक्ने, कहिले देशको अर्थतन्त्र बलियो बनाउने ? त्यस्तो विकास त अब मृगतृष्णाजस्तो लाग्न थालेको छ ।**

संयुक्त राज्यको जिडिपी लगभग ४२५ ट्रिलियन प्रतिवर्ष अनुमान गरिएको छ । यो भारतको सात गुणा, रूसको सात गुणा र चीनको पाँच गुणा ठूलो हो। संयुक्त राज्यको अर्थतन्त्र स्वतन्त्र बजार, पूँजीवाद, नवप्रवर्तन र प्राविधिक विकासको जगमा टिकेको छ । संयुक्त राज्य अमेरिकाको प्राकृतिक स्रोत र जमीनमा ठूलो पकड छ ।

संयुक्त राज्य अमेरिका कसरी विश्व आर्थिक शक्ति बन्यो?

१. दरिलो र लचिलो राजनीतिक प्रणाली

दरिलो राजनीतिक प्रणाली जुलाई ४, १७७६ मा शुरू भयो, जब देशले ब्रिटिश उपनिवेशवादबाट स्वतन्त्रता प्राप्त गर्‍यो र एक स्वतन्त्र र सार्वभौम राष्ट्र भयो । देशको बलियो अर्थतन्त्र उसको बलियो राजनीतिक संरचनामा निर्भर हुन्छ। संयुक्त राज्य अमेरिकाका संस्थापकहरू, जर्ज वाशिंगटन, अलेक्ज्यान्डर ह्यामिल्टन, बेन्जामिन फ्र्याङ्कलिन, जोन एडम्स, स्यामुएल एडम्स, थोमस जेफरसन, जेम्स म्याडिसन र जोन जेले बलियो राजनीतिक संरचनाहरू निर्माण गरे जुन देशको आर्थिक सफलताको लागि महत्त्वपूर्ण थियो । देशमा राजनीतिक स्थायित्व सुनिश्चित गर्न संयुक्त राज्य अमेरिकाले राष्ट्रपति शासन प्रणाली अन्तर्गत एक बलियो, लचिलो लोकतान्त्रिक राज्य सिर्जना गर्‍यो। सरकारको यो प्रणालीको मुख्य लक्ष्य उनीहरूले युरोपमा देखेका असङ्ख्य गृहयुद्ध, सैन्य विद्रोह र तानाशाही हटाउनु थियो ।

संसदीय शासन प्रणालीको तुलनामा अमेरिकाले राष्ट्रपतीय प्रणाली अँगालेकोले गर्दा छिटो निर्णय गर्न मदत गर्‍यो। उदाहरणको लागि संयुक्त राज्य अमेरिकाका आठजना राष्ट्रपतिको कार्यकालमैं मृत्यु भयो तर राजनीतिक शून्यता हुन पाएन किनकि उपराष्ट्रपतिले पदभार ग्रहण गरे र राजनीतिक उथलपुथल टाले । बेलायतमा जस्तै संसदीय व्यवस्था भएको भए त्यहाँको अवस्था पूर्णतया अराजक हुने थियो भनेर अनुमान गर्न सकिन्छ ।

युरोपले स्वतन्त्रता, समानता र भाइचारालाई जन्म दियो तर संसदीय प्रणालीका कारण यी कुरालाई व्यवहारमा उतार्न धेरै वर्ष लाग्यो । सामाजिक गतिशीलतामा बाधा पुर्‍याउने कठोर श्रेणीबद्ध सामन्तवादी (सामन्ती) समाजको अस्तित्वका कारण औद्योगिक क्रान्तिको फल गरीबसम्म पुग्न सकेन ।

युरोपको पदानुक्रमित समाज विपरीत, अमेरिकी समाज शिक्षित, मध्यम वर्ग, ठूलो मात्रामा व्यापारी र विभिन्न पृष्ठभूमिका मानिस मिलेर बनेको थियो। संयुक्त राज्य अमेरिकाका प्रत्येक नागरिकसँग अब नयाँ अवसर थियो । संविधानमा गरेको पहिलो संशोधनले (१९७१ मा) प्याटेन्ट कानून लागू गर्ने क्षमता प्रदान गर्‍यो। देशको उत्पादनलाई यी प्याटेन्ट कानूनहरूले पूर्णरूपमा संरक्षण गर्ने काम गर्‍यो जसले गर्दा नयाँ विचार र योजनाहरूमा व्यक्तिको आफ्नो अधिकार हुने भयो । यसले अमेरिकी समाजलाई अनुसन्धान र अविष्कारमा प्रेरित गर्‍यो ।

२. पश्चिम क्षेत्रमा देशको विस्तार

संयुक्त राज्य अमेरिकाको भौगोलिक विस्तारले बहुमूल्य खनिजहरूमा पहुँच प्रदान गर्‍यो र रणनीतिक फाइदाहरू प्रदान गर्‍यो । अमेरिकी क्रान्तिको समयमा, संयुक्त राज्यमा केवल तेह्र उपनिवेश थिए, ती सबै उत्तरी अमेरिकाको पूर्वी तटमा अवस्थित थिए। सन् १८०३ मा थोमस जेफरसनले फ्रान्सबाट १ करोड ५० लाख डलरको सम्झौतामा 'लुजियाना' खरीद गरेपछि अमेरिकी क्षेत्र पश्चिमतर्फ विस्तार भयो। यस खरीदको परिणामस्वरूप संयुक्त राज्यको क्षेत्र दोब्बर भयो । यसले मेक्सिकोको खाडी र क्यानाडाको सीमासम्म सबै बाटो विस्तार गर्‍यो । सन् १८४५ मा टेक्सास संयुक्त राज्य अमेरिकामा विलयनले मेक्सिको-अमेरिकी युद्ध (१८४६) शुरू भयो । मेक्सिकोले 'गुआडालुप हिडाल्गोको सन्धि' अन्तर्गत आफ्नो लगभग आधा जमीन संयुक्त राज्यलाई त्याग्यो, जसमा टेक्सास पनि समावेश थियो। १८४६ मा संयुक्त राज्य अमेरिकाले ब्रिटिश साम्राज्यबाट ओरेगन कब्जा गर्‍यो। १८६७ मा रूसी साम्राज्यबाट अलास्का खरीद गर्‍यो । स्पेनी-अमेरिकी युद्ध (१८९८) मा विजय पछि, संयुक्त राज्यले प्रशान्त र मध्य अमेरिकामा आफ्नो शक्ति विस्तार गर्‍यो, गुआम, पोर्टोरिको र फिलिपिन्स साथै पछि हवाईमा पनि नियन्त्रण प्राप्त गर्‍यो। संयुक्त राज्य अमेरिकाले पनामा नहरको निर्माण अधिकार फ्रान्सेली कम्पनीबाट सन् १९०२ मा किनेको थियो। त्यस बेला पानामामा कोलम्बियाको कब्जा थियो। संयुक्त राज्यका राष्ट्रपति थियोडोर रुजवेल्टले १९०३ मा पनामा (एक भू-रणनीतिक स्थान) मा हस्तक्षेप गरे र यसलाई स्वतन्त्र गणतन्त्र घोषणा गरे । नतीजाको रूपमा पनामा नहर पूर्णतया अमेरिकी अधिकार अन्तर्गत आयो ।

घ. क्यालिफोर्नियामा गोल्ड रश

जेम्स मार्शलले जनवरी २४, १८४८ मा क्यालिफोर्नियामा पर्याप्त सुनको खानीहरू पत्ता लगाए, जसले संयुक्त राज्यलाई आर्थिक गतिविधिमा अगाडि बढायो । यसले संयुक्त राज्यलाई महत्त्वपूर्ण आर्थिक लाभ दियो। विश्व सुन काउन्सिलका अनुसार नेभाडामा रहेको कार्लिन अनकन्फर्मिटी वा कार्लिन ट्रेन्ड विश्वको सबैभन्दा ठूलो सुन खानीमध्ये एक हो र अलास्कामा पनि विशाल सुन खानीहरू पहिचान गरिएको छ । सुन उत्पादनको हिसाबले संयुक्त राज्य अमेरिका विश्वमा चौथो स्थानमा छ (चीन, अस्ट्रेलिया र रूस पछि) । अमेरिकासँग ८५०० टन सुनको साथै विश्वको सबैभन्दा ठूलो विदेशी मुद्रा भण्डार छ ।

४. कालो सुनको खोज

संयुक्त राज्य अमेरिकामा उन्नाइसौं शताब्दीमा व्यापक उद्योगीकरण शुरू भयो र इन्धनको माग बढ्यो। एडविन ड्रेकले १८५९ मा पेन्सिलभेनियामा तेलको कुवाहरूबाट तेल निकाल्ने नयाँ प्रविधि, तेल निकाल्ने पाङ्ग्रा पत्ता लगाए। यसले संयुक्त राज्यलाई विश्वको मुख्य तेल उत्पादकहरूमध्ये एक बन्न मदत गर्‍यो। टेक्सासको विलयसँगै संयुक्त राज्यले थप तेल र ग्याँस भण्डार प्राप्त गर्‍यो, इन्धनको यो पाटोलाई नै कालो सुनको नाम दिइयो। २०१५ देखि २०१९ सम्म अलास्का संयुक्त राज्य अमेरिकाको पाँचौं ठूलो तेल उत्पादक बन्यो । दोस्रो विश्वयुद्धको दौरान अमेरिका र साउदी अरेबिया एक सहमतिमा पुगे, जस अन्तर्गत साउदी अरेबियाले अमेरिकालाई साउदी शासनको सुरक्षाको ग्यारेन्टीको बदलामा तेल आपूर्तिमा अमेरिकी पहुँच प्रदान गर्‍यो। मध्य पूर्वको भूराजनीतिमा तेल मुद्दा त्यस बेला 'सबैभन्दा ठूलो रणनीति' को रूपमा देखा पर्‍यो। तेल राजनीति नै २००३ इराक सङ्घर्षको कारक थियो। वृद्धि भइरहेको अमेरिकी अर्थतन्त्रमा अर्को परिवर्तनकारी घटना इराकमा अमेरिकी अतिक्रमण थियो, यस आर्थिक वृद्धिको परिणामस्वरूप संयुक्त राज्यको सैन्य उद्योग व्यापक बन्यो। संयुक्त राज्य अमेरिकामा तेल स्रोतहरूको खोजले व्यापार, प्रविधि, उत्पादन र आधुनिक उद्योगको सम्भावना बढायो ।

५. दोस्रो विश्व युद्ध र हतियार बिक्री

संयुक्त राज्य अमेरिका विश्वयुद्धबाट टाढा रहृयो किनकि ऊ आफ्नो बहुमूल्य स्रोतहरू बर्बाद हुनबाट बचाउन चाहन्थ्यो। दोस्रो विश्वयुद्ध सन् १९३९ मा शुरू भयो, यद्यपि सन् १९४१ को डिसेम्बरमा मात्र संयुक्त राज्य अमेरिका युद्धमा संलग्न भएको थियो । त्यति बेलासम्म संयुक्त राज्य अमेरिकाले आफ्नो दरिलो अर्थतन्त्र स्थापना गरिसकेको थियो । अमेरिकी रक्षा उद्योगले ठूलो फडको मारिसकेको थियो । दुवै विश्वयुद्धमा संयुक्त राज्य अमेरिका सबैभन्दा ठूलो सैन्य व्यवसायको रूपमा, हतियार बिक्रेता बन्यो। प्रथम विश्वयुद्धको समयमा संयुक्त राज्य अमेरिकाले मित्र राष्ट्रहरूलाई ४.७ बिलियन रुपियाँ ऋण दिएको थियो । द्वितीय विश्वयुद्धको दौरान, संयुक्त राज्य अमेरिका १९३९ को तटस्थता ऐनको प्रावधान अन्तर्गत तटस्थ थियो, तर राष्ट्रपति फ्र्याङ्कलिन डी. रुजवेल्टले काङ्ग्रेसलाई सहयोगीहरूलाई सैन्य आपूर्ति उपलब्ध गराउन राजी पारे। राष्ट्रपति फ्र्याङ्कलिन डी. रुजवेल्टले 'युद्ध उत्पादन बोर्ड' स्थापना गरे र रक्षा खर्च जिडिपी को १ बाट ४० प्रतिशतमा बढाए ।

दोस्रो विश्वयुद्धबाट ध्वस्त भएको युरोपको विपरीत अमेरिकाको अर्थतन्त्रले यसबाट विभिन्न किसिमले फाइदा उठायो। संयुक्त राज्यले ब्रिटिश साम्राज्यको विश्वव्यापी प्रभुत्व ध्वस्त पार्‍यो। दोस्रो विश्वयुद्धपछि अमेरिकाले आणविक हतियार बनायो र विश्वको महाशक्ति बन्यो। बाँकी युरोपभन्दा पछि विश्वयुद्धमा प्रवेश गर्नुको एक मात्र उद्देश्य आफ्नो हतियार बेच्नु थियो। रुजवेल्टको दूरदर्शिताले संयुक्त राज्य अमेरिकालाई आफ्नो अर्थतन्त्र बलियो बनाउन र महाशक्ति बन्न मदत गर्‍यो । एउटा दूरदर्शी, रचनात्मक र नवीन नेताले देशलाई कसरी द्रुत आर्थिक प्रगतितिर डोर्‍याउन सक्छ भन्ने यो उत्कृष्ट उदाहरण हो ।

अहिले पनि संयुक्त राज्य अमेरिकाको सर्वोच्च प्राथमिकता यातायात पूर्वाधार, अनुसन्धानमा आधारित शिक्षा, चिकित्सा विज्ञान, रोजगारका सम्भावना र प्रणालीमा सुधार सुनिश्चित गर्ने वस्तु तथा सेवामा लगानी गर्नु हो र संयुक्त राज्य अमेरिका पूर्णरूपमा पूँजीवादी देश हो, जो दोस्रो विश्वयुद्धपछि अब्बल अर्थतन्त्र भएको देशको रूपमा संसारको सामुन्ने उभिन सफल भयो। परिणामस्वरूप संयुक्त राज्य अमेरिका पृथ्वीमा सबैका लागि सपनाको भूमि हो। अमेरिकालाई कानूनको शासन, दस्तावेजीकरण र आप्रवासनमा आधारित राष्ट्रको रूपमा लिइन्छ ।

संयुक्त राज्य अमेरिकाले आफ्नो पूर्वाधारलाई कसरी प्राथमिकता दियो भन्ने कुरा तलको दस्तावेजले स्पष्ट हुन्छः

मेरील्यान्ड विश्वविद्यालयले २०१४ मा पत्ता लगायो कि पूर्वाधारमा खर्च गरिएको प्रत्येक डलरले जिडिपीमा ३ डलर वृद्धि हुन्छ । यसले पूर्वाधार र वैज्ञानिक प्रगतिमा संयुक्त राज्य अमेरिकाको ठूलो लगानीको व्याख्या गर्छ। १९९० देखि संयुक्त राज्य अमेरिकाले वैज्ञानिक खोजहरूलाई बढावा दिइरहेको छ र वैज्ञानिक अध्ययनहरूलाई प्रोत्साहन दिइरहेको छ । नोबेल पुरस्कार विजेताहरूमध्ये एकतिहाईभन्दा बढी संयुक्त राज्य अमेरिकाका मानिस छन् ।

**निष्कर्षः**

राजनीतिक स्थायित्व, तेल स्रोत, सुनको भण्डार, रणनीतिक स्थानको लाभ, ठूला हतियार बिक्री, नव उपनिवेशवाद र अन्य तत्त्वहरूले संयुक्त राज्य अमेरिकालाई विश्व महाशक्ति बन्न मदत गर्‍यो । यो उपलब्धि राजनीतिक स्थायित्व, नेताहरूको जोश, समर्पण र दृढता र सबैभन्दा ठूलो मानव संसाधन व्यवस्थापनबाट सम्भव भएको हो ।

यसबाट हाम्रा नेताहरूले कहिले सिक्ने, कहिले देशको अर्थतन्त्र बलियो बनाउने ? त्यस्तो विकास त अब मृगतृष्णाजस्तो लाग्न थालेको छ ।

# जनता माविमा विज्ञान प्रयोगशाला हस्तान्तरण

प्रस, वीरगंज, १७ वैशाख/

महोत्तरी जिल्लाको सोनमा गाउँपालिका वडा नं ७ स्थित जनता माविमा आइतवार विज्ञान प्रयोगशाला हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

क्वेस्ट फर्मास्युटिकल्सले रु १० लाखको लगानीमा निर्माण गरेको प्रयोगशाला कम्पनीका महाप्रबन्धक डा कमलेश दत्तले सोनमा गापाका अध्यक्ष विशेश्वरप्रसाद यादवलाई हस्तान्तरण गरेका थिए ।

सोनमा गापा-७ का अध्यक्ष इन्द्रजीत यादवको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा सोनमा गापाका अध्यक्ष यादवले विज्ञान प्रयोगशाला स्थापना गरिदिएकोमा क्वेस्ट फर्मास्युटिकल्सलाई धन्यवाद दिनुका साथै प्रयोगशालाबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा वडा नं ७ का अध्यक्ष इन्द्रजीत यादव, १ का अध्यक्ष अशोककुमार यादव, शिक्षा संयोजन राजकुमार साह, भूपू सहायक प्रजिअ रमेशकुमार दत्त, क्वेस्ट फर्मास्युटिकल्सका महाप्रबन्धक डा कमलेश दत्तलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा



तस्वीरः प्रतीक

पत्रकार, स्थानीय बोर्डिङ स्कूलका प्रअ, समाजसेवी, युवा क्लबका अध्यक्ष, बालबालिकाका अभिभावकलगायतको सहभागिता थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अमेरिकी डलर सटहीको सीमा बढाइयो

काठमाडौं, १७ वैशाख/रासस

नेपाल राष्ट्र बैंकले अमेरिकी डलर सटहीका लागि तोकिएको सीमा बढाएको छ । बैंक तथा वित्तीय संस्थाका लागि जारी गरिएको एकीकृत परिपत्र, २०७९ मा संशोधन गर्दै राष्ट्र बैंकले यस्तो सीमा बढाएको हो । यसअघि नेपाल राष्ट्र बैंकबाट इजाजत पाएका मनी एक्सचेन्जरले नेपाली नागरिकसँग गर्ने सटही कारोबार गर्दा अमेरिकी डलर पाँच सय वा सो बराबरको परिवर्त्य मुद्रा बराबर मात्रै सटही गर्न सक्ने व्यवस्था थियो । यसलाई संशोधन गरेर अमेरिकी डलर पाँच हजारसम्म सटही गर्न सक्ने व्यवस्था गरिएको छ ।

"नेपाली नागरिकसँग अमेरिकी डलर पाँच हजार वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा (भन्सार घोषणाको प्रमाणित कागजात भए त्यस्तो कागजातमा उल्लिखित सम्पूर्ण रकम)को खरीद कारोबार गर्न सकिनेछ," संशोधन गरिएको परिपत्रमा भनिएको छ, "तर विदेशी इष्टमित्र र ग्राहकबाट उपहार, टिप्सबाट प्राप्त हुने रकम भने अधिकतम अमेरिकी डलर पाँच सयसम्म मात्र सटही गर्न सकिनेछ ।"

राष्ट्र बैंकले एकीकृत परिपत्रमा संशोधनमार्फत विदेश पढ्न जाने विद्यार्थीका लागि दिइने सटही सुविधासम्बन्धी व्यवस्था थप गरेको छ ।

"शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको 'वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९' बमोजिम उक्त मन्त्रालयले व्यवस्था गरेको पोर्टल प्रयोगमा आएपश्चात् बैंक तथा वित्तीय संस्थाले सोही पोर्टलमा उपलब्ध वैदेशिक अध्ययनको स्वीकृति (नो अब्जेक्सन सर्टिफिकेट)सम्बन्धी विवरण यकीन गरी सटही सुविधा उपलब्ध गराउनुपर्नेछ," एकीकृत परिपत्रमा भनिएको छ । यसअघि यस्तो व्यवस्था थिएन ।



त्यस्तै, नेपाली नागरिकलाई विभिन्न प्रयोजनका लागि भारतीय मुद्राबाहेकको परिवर्त्य विदेशी मुद्राको सटही सुविधासम्बन्धी व्यवस्थामा पनि संशोधन गरिएको छ । यसअघि यस्तो सटही सुविधा अधिकतम अमेरिकी डलर एक हजार वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म प्रदान गर्न सकिनेछ भन्ने व्यवस्था रहेको थियो ।

तर संशोधित व्यवस्था अनुसार भिसा आवदेनको हकमा सम्बन्धित दूतावासलगायत भिसा आवेदन शुल्क सङ्कलन गर्न अधिकारप्राप्त निकायले परिवर्त्य विदेशी मुद्रामा नै भिसा शुल्क लिने व्यवस्था गरेमा तोकिएको भिसा शुल्कसम्मको सटही सुविधा प्रदान गर्दा अधिकतम अमेरिकी डलर एक हजारको सीमाले बाधा पुऱ्याएको मानिनेछैन भन्ने व्यवस्था राखिएको छ ।

त्यस्तै, नेपालमा काम गरिरहेका विदेशीले सटही गरेर लैजान पाउने विदेशी मुद्रासम्बन्धी व्यवस्थामा पनि संशोधन गरिएको छ । नेपालमा वायुसेवा दिइरहेका कम्पनीमा कार्यरत विदेशी नागरिकका लागि नयाँ व्यवस्था थप गरिएको छ ।

"श्रम स्वीकृति र सम्झौताको अवधि बहाल रहेको अवस्थामा रोजगारदातासँग गरेको करारमा उल्लिखित पारिश्रमिकमा प्रचलित कानूनबमोजिम करकट्टीपश्चात् हुन आउने रकमको बढीमा ७० प्रतिशतसम्मको रकम भुक्तानीको लागि कागजातको आधारमा पारिश्रमिक कर तिरेको प्रमाण लिई परिवर्त्य विदेशी मुद्रामा सम्बन्धित मुलुकमा पठाउन सकिनेछ," राष्ट्र बैंकले परिपत्रमार्फत भनेको छ ।

# कुनै पनि मिटरब्याजीले उन्मुक्ति नपाउने गृहमन्त्रीको भनाइ

महेन्द्रनगर (धनुषा), १७ वैशाख/रासस

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याजको हकमा सरकार सदैव कठोर भएर प्रस्तुत भएको बताएका छन् । आइतवार जनकपुरधाममा अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगको कार्यालयको उद्घाटन गर्दै उनले त्यस सम्बन्धमा थप अनुसन्धान र कारबाई अघि बढाइनेसमेत बताए ।

मधेसमा मिटरब्याजीको जालो फैलिएको दाबी गर्दै उपप्रधानमन्त्री श्रेष्ठले राजनीतिक पहुँचका आधारमा कुनै पनि मिटरब्याजीले उन्मुक्ति नपाउने पनि बताए । उनले मिटरब्याजीको पक्षमा रहेका जोसुकैलाई पनि सरकारले कारबाई गर्ने चेतावनी दिए ।

अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगले जनकपुरधाममा आजदेखि केन्द्रीय कार्यालय सञ्चालनमा ल्याएको छ । प्रारम्भिक काम जारी राखेको आयोगले आजदेखि जनकपुरधाममा कार्यालय स्थापना गरी कार्य शुरू गरेको हो । सरकारले मिटरब्याज पीडितको माग सम्बोधन गर्न गत चैत २० गते तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो ।




कार्यालय स्थापना भएसँगै मिटरब्याजीलाई कारबाईको दायरामा ल्याउन पीडितको निवेदन आह्वान गरिएको आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले बताए । निवेदन आजदेखि यही वैशाख ३१ गतेसम्म दिनुपर्ने आयोगले जनाएको छ । मिटरब्याज पीडितले आफूसँग उपलब्ध रहेका सबुत प्रमाणसहित अनलाइनबाट सीधैं आयोगमा वा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सक्नेछन् ।

प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटरब्याज पीडित सहायता कक्ष स्थापना गरिएको उनले बताए । सोही कक्षमा निवेदन फाराम निश्शुल्क उपलब्ध रहेको उनले जानकारी दिए । निवेदन फाराम जिल्ला प्रशासन कार्यालयकै कर्मचारीले भराइ दिने प्रबन्ध गरिएको आयोगले जनाएको हो ।

# प्रतिकूल मौसमले हवाई उडान प्रभावित

काठमाडौं, १७ वैशाख/रासस

प्रतिकूल मौसमका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हवाई उडान प्रभावित भएको छ ।

भिजिबिलिटी कमजोर हुँदा विमानस्थलबाट हुने आन्तरिक र अन्तर्राष्ट्रिय उडान सामान्यरूपमा प्रभावित भएको विमानस्थल कार्यालयले जनाएको छ । विमानस्थलका महाप्रबन्धक प्रतापबाबू तिवारीका अनुसार प्रतिकूल मौसमले भिजिबिलिटी कमजोर हुँदा अन्तर्राष्ट्रिय र आन्तरिकतर्फका विभिन्न गन्तव्यको उडान समयमैं हुन सकेका छैनन् भने अन्तर्राष्ट्रियतर्फका केही जहाज आकाशमा फन्को (होल्ड) लगाइरहेका थिए ।

कोलम्बोबाट काठमाडौं आएको श्रीलङ्कन एयरलाइन्सको जहाज आधा घण्टादेखि आकाशमा होल्डमा थियो । यस्तै, मलेशियाको क्वालालम्पुरबाट आएको बाटिक एयरको जहाज पनि सिमरामाथिको आकाशमा होल्ड भएको थियो । आन्तरिकतर्फ केही जहाजको उडान ढिला भएको विमानस्थलले जनाएको छ ।




हाल देशमा पश्चिमी वायुका साथै स्थानीय वायुको प्रभावले बदली र वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । वर्षाकै कारण शनिवार दिउँसोदेखि राति अबेरसम्म हवाई उडान प्रभावित भएको थियो ।

आज देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागका केही स्थानमा साथै कोशी र वाग्मती प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चटयाङसहित हल्का वर्षा भएको महाशाखाले जनाएको छ ।

# शेयर बजार १९ अङ्कले घटयो




काठमाडौं, १७ वैशाख/रासस

यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आइतवार नेप्से परिसूचक १९ दशमलव ११ अङ्कले घटेर एक हजार ८७० दशमलव ६५ को बिन्दुमा कायम भएको हो ।

आज २७१ कम्पनीका ३२ लाख छ हजार ४५० कित्ता शेयर २६ हजार आठ सय एकपटक खरीद–बिक्री हुँदा रु ९५ करोड ४३ लाख २२ हजार ३७७ बराबरको कारोबार भएको छ । आज सेन्सेटिभ इन्डेक्स दुई दशमलव ९५ र फ्लोट इन्डेक्स एक दशमलव ३४ अङ्कले घटेका छन् ।

त्यस्तै, सबै समूहका उपसूचक घटेका छन् । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ८७ दशमलव १७ र निर्जीवन बीमा समूहको उपसूचक ४६ दशमलव ६६ अङ्कले घटेका छन् । आज बैंकिङ समूह नौ दशमलव ४७, विकास बैंक समूह ४२ दशमलव ६७, वित्त समूह २०, होटल तथा पर्यटन समूह २६ दशमलव ९३ र जलविद्युत् समूह ४५ दशमलव ४४ अङ्कले घटेका छन् ।

यसैगरी, लगानी समूह शून्य दशमलव ३३, उत्पादन तथा प्रशोधन समूह ४१ दशमलव २२, लघुवित्त समूह ३१ दशमलव ४३, म्युचुअल फन्ड शून्य दशमलव १९, व्यापार समूह ३५ दशमलव ४१ र अन्य समूह १८ दशमलव २८ अङ्कले घटेका छन् ।

एनएमबी सुलभ इन्भेस्टमेन्ट फन्ड–२ को शेयर मूल्य सबैभन्दा धेरै तीन दशमलव ३३ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड ग्रोथ फन्डको शेयर मूल्य आठ दशमलव ८९ अङ्कले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु चार करोड २५ लाख १० हजार आठ सय बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याको आधारमा भने सबैभन्दा धेरै नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेडको एक लाख ९५ हजार १७८ कित्ता शेयर किनबेच भएको छ ।



घोराही–१७ स्थित गैरागाउँमा उखुको जुस बनाउँदै महिला । गर्मी मौसममा उखुको जुस धेरै बिक्री हुने र प्रतिगिलास रु ४० मा बिक्री भइरहेको व्यवसायी बताउँछन् । तस्वीरः रासस

# नागरिकताको प्रमाणपत्र किर्ते गरी सामाजिक सुरक्षा भत्ता वितरण

जलेश्वर, १७ वैशाख/रासस

महोत्तरी जिल्लाको सम्सी गाउँपालिकाका एक पूर्ववडाध्यक्ष र वडा सचिवले नेपाली नागरिकताको प्रमाणपत्र किर्ते गरी सामाजिक सुरक्षा वितरण गरेको रहस्य खुलेको छ ।

सम्सी गाउँपालिका–२ पर्सादेवाडका विसं २०७४ मा निर्वाचित वडाध्यक्ष मोहमद मकसुद र तत्कालीन वडासचिव मनोहर मण्डलले नेपाली नागरिकताको प्रमाणपत्रमा केरमेट गरी २२ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको तथ्य बाहिर आएको छ ।

उनीहरूको मिलेमतोमा सरकारी कागज र छाप किर्ते गरी एउटै व्यक्तिको नाममा दुईवटा नागरिकता नम्बर प्रचलनमा ल्याएर सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइएको छ ।

साथै एउटै व्यक्तिको नागरिकता नम्बरलाई केरमेट गरी फरकफरक नाम र जन्ममिति राखी सामाजिक सुरक्षा भत्ता खाने उमेर बढाएको पनि पाइएको छ । उनीहरूले वितरण गरेको सामाजिक सुरक्षा भत्ताबारे छानबीन गर्न जिल्ला प्रशासन कार्यालयमा उजूरी गरिएपछि सो कुरा बाहिरिएको हो ।

वडा सचिव मण्डल र वडाध्यक्ष आलमको जालसाजीका कारण अकिला खातुनले रु ४४ हजार, असगरी खातुनले रु ९६ हजार, असरुल सोखिनले रु ४४ हजार, इसराइल शेखले रु ३२ हजार, तारा खातुनले रु ४४ हजार, नजीरा खातुनले रु ९६ हजार, बिल्टुन खातुनले रु २४ हजार, माझी नदाफले रु ९६ हजार, मैनद्दीन शेखले रु ४४ हजार, मोजिबुल मोमिनले रु ४४ हजार, रहिमा खातुनले रु ९२ हजार, वरिदा खातुनले रु ९६ हजार, समुदा खातुनले रु ७२ हजार, शेख लालबाबूले रु ९६ हजार, जरिना खातुनले रु एक लाख २८ हजार, डुमैरा खातुनले रु ८७ हजार, शेख सदिकले रु ४८ हजार, हासिम मोमिनले रु ९६ हजार, हसिना सोखिनले रु ९९ हजार नौ सय, शेख सफी अहमदले रु ९६ हजार, समिना खातुनले रु ८४ हजार, शैरा खातुनले रु ९६ हजार बुझेकाले उनीहरूबाट पनि उक्त रकम असुल गरिने वडा कार्यालयले जनाएको छ ।

तत्कालीन वडा सचिव मण्डल र वडाध्यक्ष आलममाथि कारबाईका साथै उनीहरूबाट बिगो स्वरूप रु १६ लाख १४ हजार नौ सय असुल गर्नुपर्ने देखिएकाले कारबाईका लागि पत्राचार भइरहेको वर्तमान वडाध्यक्ष शेख अञ्जारेले जानकारी दिए । तर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशचन्द्र मिश्रले उजूरीमाथि छानबीनका लागि न्यायिक समितिमा पठाइएको र समितिको प्रतिवेदन अनुसार व्यक्तिमाथि असुल गरिनेमा जोड दिए ।


# लालबन्दीमा हालसम्म अढाई सय क्षयरोगका बिरामी फेला

सर्लाही, १७ वैशाख/रासस

लालबन्दी नगरपालिकामा हालसम्म करीब अढाई सयजना क्षयरोगी फेला परेका छन् । सत्रवटा वडा रहेको सो नगरपालिकामा हालसम्म २५४ क्षयरोगी फेला परेका नगर स्वास्थ्य शाखाका प्रमुख मुमताज मिक्रानीले जानकारी दिए ।

उनका अनुसार नगरपालिकामा गत आर्थिक वर्ष २०७८/७९ मा १५७ र चालू आव २०७९/८० को हालसम्म ९७ गरी २५४ जना क्षयरोगका बिरामी फेला परेका हुन् । नगरभित्र क्षयरोगीका

(बाँकी चौथो पातामा)



# सरकारको साथ खोज्दै सामुदायिक प्राकृतिक चिकित्सालय

–विष्णुप्रसाद गौडेल
मध्यबिन्दु, १७ वैशाख/रासस

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुलीमा अवस्थित नेपालकै पहिलो सामुदायिक प्राकृतिक चिकित्सालयमा हालसम्म ४० हजारभन्दा बढीले सेवा लिइसकेका छन् ।


तस्वीरः रासस

प्राकृतिक उपचारमार्फत स्वदेशी र विदेशी बिरामीलाई सेवा दिँदै आएको चिकित्सालयले थप विकास र सेवा विस्तारमा भने यतिबेला केन्द्र सरकारको साथ खोजेको छ ।

व्यवस्थापक हरि सापकोटा चिकित्सालयले सीमित स्रोत, साधन र जनशक्तिबाट पनि न्यूनतम शुल्कमैं हालसम्म सेवा दिन सकेको भएपनि यसलाई दीर्घकालसम्म टिकाइराख्नका लागि केन्द्र सरकारको सहयोग आवश्यक रहेको बताए ।

“प्राकृतिक चिकित्सालयको विकासका लागि केन्द्र सरकारले नीतिगत तहबाटै निर्णय गरी आवश्यक बजेट विनियोजन गरिदिने हो भने विपन्न नागरिकलाई पनि सहुलियत दरमैं उपचार गराउन सकिन्थ्यो,” उनले भने, “यसका लागि सरकारले ध्यान दिनु आवश्यक छ ।”

विसं २०६४ मा महायज्ञमार्फत सङ्कलित रकमबाट स्थापना गरिएको प्राकृतिक चिकित्सालयमा सेवा लिन देशका ७७ जिल्लाबाट मात्रै नभई भारत, क्यानडा, अमेरिका, फ्रान्स, बेल्जियम, अस्ट्रेलिया, दक्षिण कोरिया, न्युजिल्यान्ड, जापान, नर्वे, इजरायललगायतका देशबाट उपचारका लागि बिरामी आउने गरेका छन् ।

“चिकित्सालय गैरनाफामूलक संस्था हो, आर्थिकरूपमा विपन्न, द्वन्द्वपीडित, एकल महिला, विकलाङ्गसमेतले उपचारमा पहुँच राख्न सक्ने गरी यसको परिकल्पना गरेका छौं,” व्यवस्थापन समितिका अध्यक्ष सन्तबहादुर क्षेत्रीले बताए । यसका लागि सरकारले नै नीतिगत तहबाटै सम्बोधन आवश्यक रहेको उनको भनाइ छ । तत्कालीन समयमा ५२ शय्याबाट शुरू गरिएको संस्थामा हाल तीन सय शय्याको क्षमता छ ।

“अन्य उपचार पद्धतिबाट निको नभएका बिरामीले पनि यहाँ उपचारपछि पुनर्जीवन पाएका उदाहरण छन्,” उनले भने, “शल्यक्रियाबाहेकका रोग निको पार्न सकिने प्राकृतिक चिकित्सालाई दिगोरूपमा टिकाउन सरकारले नीतिगत सहजताका साथै बजेट विनियोजन गर्नुपर्छ ।”

उनका अनुसार छिमेकी मुलुक भारतका २२ प्रान्तमा नेचुरोपेथी मेडिकल कलेज र व्यवस्थित अस्पताल सञ्चालनमा आएको भन्दै उनले यस चिकित्सालयलाई शिक्षण अस्पतालका रूपमा विकास गर्ने अवधारण अघि सारिएको बताए । “अहिलेको आवश्यकता प्राकृतिक चिकित्सा र योग अस्पतालको विकास हो,” उनले भने, “यसका लागि सरकारको साथ चाहिन्छ ।”

चिकित्सालयमा बिरामीका लागि उपचार, आवास र खाना गरी दैनिक रु एक हजार एक सय शुल्क तोकिएको छ । कुल ५० जना जनशक्ति रहेको चिकित्सालयमा मासिक रु १५ लाख खर्च रहेको व्यवस्थापक सापकोटाको भनाइ छ ।

प्राकृतिक चिकित्सा उपचार विधिले शरीरमा नकारात्मक असर नपर्ने चिकित्सालयका निर्देशक डा विनोद पौडेलले बताए । “मानव शरीर पञ्चतत्त्वले बनेको हुन्छ । प्राकृतिक चिकित्सा र योगले नै शरीरलाई स्वस्थ र सबल राख्न सक्छ,” उनले भने, “आहार नै औषधि र औषधि नै आहार यसको मूल सिद्धान्त हो ।”

प्राकृतिक चिकित्सा र योगमा प्रतिरक्षात्मक, उपचारात्मक र निधानात्मक तीनवटै आयाममा उपचार गरिने र यसले जटिल, दीर्घ रोग हुने बाटो नै बन्द गर्ने डा पौडेलको भनाइ छ ।

निकट भविष्यमा नै निम्न, मध्यम र प्राज्ञिक जनशक्ति उत्पादन गर्ने केन्द्र बनाउने योजना रहेको उनले सुनाए । चिकित्सालयलाई शिक्षण अस्पताल र विश्वविद्यालयका रूपमा विकास गर्दै ज्येष्ठ नागरिक आरोग्य आश्रम र देशैभर जीवनशैली सुधार प्राकृतिक चिकित्सा र योगसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याउने योजना रहेको उनको भनाइ छ ।

चिकित्सालयमा आकाश चिकित्सा, वायु चिकित्सा, सूर्यकिरण चिकित्सा, जल चिकित्सा, माटो चिकित्सा, योग चिकित्सा, जडीबुटी चिकित्सा, आहार चिकित्सा, मनोचिकित्सा, मर्म चिकित्सा, मालिस चिकित्सा, गौमूत्र चिकित्सालगायतका विधिबाट उपचार गरिन्छ । चिकित्सालयले कोरोनाको महामारीको समयमा आठ सयभन्दा बढी कोरोना सङ्क्रमितलाई सेवा दिएको थियो ।

## लालबन्दीमा ...

बिरामीको खोजतलाश भइरहेको साथै हालसम्म फेला परेका क्षयरोगका बिरामीले नियमित औषधि सेवन गरिरहेका नगर स्वास्थ्य शाखाले जनाएको छ ।

विशेषगरी नगरभित्रका दलित, गरीब एवं आर्थिकरूपमा विपन्न समुदायमा यो रोग बढी देखा परेको पाइएको नगर स्वास्थ्य शाखाका सहसंयोजक सुरेन्द्र खतिवडाले जानकारी दिए ।

क्षयरोगमुक्त नगरपालिका घोषणा अभियान शुरू गर्दै कार्यक्रममा नगर स्वास्थ्य शाखाले नगरभित्र हालसम्म २५४ जना मानिसमा क्षयरोग देखा परेको र अरू मानिसको पनि पहिचान गर्ने काम भइरहेको जनाएको छ ।

नेपाल सरकारले ल्याएको नीतिलाई स्थानीय तहका रूपमा नगरपालिकाले पनि अवलम्बन गरेको र नगरभित्र हाल रहेका क्षयरोगीलाई नियमित औषध सेवन गर्न आग्रह गर्दै अरू क्षयरोगीको पहिचान गर्ने काम पनि गरिरहेको नगरप्रमुख वासुदेव अधिकारीले बताए ।

उनले नगरपालिकालाई क्षयरोगमुक्त बनाउने प्रतिबद्धतासमेत व्यक्त गरे । वर्तमान अवस्थामा क्षयरोग कम चर्चाको रूपमा हेरिएको भएपनि क्षयरोग एकदम जर्जर अवस्थामा रहेको नगर स्वास्थ्य शाखाले जनाएको छ ।


पानी जमेको दृश्य पर्सा जिल्लाको तिलावे पुलको हो । भर्खरै बनेको पुलसँगै कालोपत्र सडकमा सामान्य पानी पर्दा पनि पानी जमेको देख्दा यो सडकको आयु मापन गर्न सकिन्छ । तस्वीरः धर्मेन्द्र चौरसिया

## फरक समाचार

### यी खानेकुराले पेट फुलाउँछ

पेट फुल्ने, ग्याँस बन्ने एउटा ठूलो समस्या हो । पेट फुलेपछि कुनै काम गर्न सकिँदैन । दिनभरि पेट भारी लाग्छ । पेट फुलेपछि ग्याँसको समस्या हुन्छ र



भोजनबाट पौष्टिक तत्त्वको सही ढङ्गले अवशोषण पनि हुन सक्दैन । पेट फुल्नुको मुख्य कारण खानेकुरा नै हो । केही खाद्यान्न जसले पेट फुल्ने समस्या बढाउन सक्छ ।

**गेडागुडी :** हेल्थलाइनमा प्रकाशित समाचार अनुसार गेडागुडीमा धेरै मात्रामा कार्बोहाइड्रेट र फाइबर, भिटामिन्स र मिनरल्स पाइन्छ । अधिकांश गेडागुडीमा अल्फा ग्लैक्टोसाइड नामक चिनी हुन्छ । यसले आन्द्रामा ब्याक्टेरियाको मदतबाट फर्मेटेशन गर्न थाल्छ । यसको बाइप्रोडक्टको रूपमा धेरै ग्याँस बन्छ जसबाट पेट फुल्ने समस्या हुन्छ । यदि तपाईंलाई पनि गेडागुडी खाएपछि पेट फुल्छ भने नखानु नै बेस हुन्छ ।

**च्याउ :** च्याउलाई पौष्टिक तत्त्वको खजाना मानिन्छ तर कसैकसैलाई च्याउले पेट फुल्ने समस्या पनि हुन सक्छ ।


**कार्बोनेटेड पेय :** कार्बोनेटेड पेय अर्थात् सोडा, चीसो पेय आदिले पेटमा ग्याँसको समस्या उत्पन्न गराउँछ र पेट फुल्छ । कार्बोनेटेड पेयमा बढी मात्रामा कार्बन डाइअक्साइड हुन्छ, जुन आफैंमा ग्याँस हो । बढी मात्रामा कार्बोनेटेड पेय पेटमा छ भने पेट फुल्ने र ग्याँसको समस्या हुन्छ ।

**काउली :** कोभी स्वास्थ्यको लागि राम्रो हो तर कैबेज, ब्रोकाउली, काउलीले पनि पेटमा धेरै ग्यास बनाउँछ । जसको पाचन शक्ति बलियो छैन उनीहरूले काउली खानुहुँदैन ।

**प्याज :** प्याजविना तरकारीको स्वाद फिक्का हुन्छ । तर कसैकसैलाई प्याजले पेट फुलाउन सक्छ । प्याजमा फ्रुक्टोज पाइन्छ, यो एक प्रकारको फाइबर हो, जसले ग्याँस बनाउन सक्छ । कसैकसैलाई प्याजबाट समस्या पनि हुन सक्छ किनभने उनीहरूको पेटले प्याज सहन सक्दैन ।

### ब्ल्याक होलबाट शक्तिशाली जेट विस्फोट

ब्ल्याक होलबारे जानकारी हासिल गर्न संसारभरिका वैज्ञानिक वर्षौंदेखि अध्ययन गरिरहेका छन् तर पनि यसबारे विस्तृत जानकारी भेटिएको छैन । सन् २०१९ मा वैज्ञानिक ब्ल्याक होल देख्न सफल भएका थिए । उनीहरूले आकाशगङ्गाको केन्द्रमा मौजुद मेसियर ८७ नामक ब्ल्याक होल देखेका थिए । गत महीना यस ब्ल्याक होलको एउटा अर्को स्पष्ट तस्वीर प्रकाशमा आएको छ ।



वैज्ञानिकले यस ब्ल्याक होलबाट एउटा शक्तिशाली जेट विस्फोट देखेका छन् । युरोपियन सदर्न अब्जर्भेटरीले एउटा भिडियोको माध्यमबाट घटनाबारे बताएको छ । मेसियर ८७ आकाशगङ्गाको केन्द्रमा स्थित ब्ल्याक होल पृथ्वीबाट लगभग ५४ मिलियन प्रकाश वर्ष दूरीमा स्थित छ । रिपोर्ट अनुसार ब्ल्याक होलबाट हाइ–एनर्जी पार्टिकल्सको एउटा विशाल जेट अन्तरिक्षमा निस्केको देखिएको छ । यस घटनालाई कैद गर्न धर्तीको अलग–अलग ठाउँमा लगाइएको १६ वटा टेलिस्कोपले मिलेर काम गरेका थिए । १६ वटा दूरबिन मिलेर पृथ्वीको आकारको एउटा व्यञ्जन बनाए, जसले एउटा दूरबिनको रूपमा काम गर्छ । ब्ल्याक होल हाम्रो ब्रह्माण्डको त्यो सघन क्षेत्र हो, जहाँ यति बढी गुरुत्वाकर्षण हुन्छ कि सूर्यको प्रकाश पनि त्यसमा हराउँछ ।

जब कुनै पदार्थ, जस्तै ग्याँस वा धूलो, ब्ल्याक होलमा खस्छ तब त्यसको चारैतिर एउटा डिस्क बनाउँछ । धेरै तातो भएकोले त्यो डिस्क शक्तिशाली विकिरण उत्सर्जित गर्छ । यसको पत्ता पृथ्वीमा मौजुद टेलिस्कोपद्वारा लगाइन्छ । जुन ब्ल्याक होलबाट वैज्ञानिकले जेट निस्केको देखे, त्यसको द्रव्यमान हाम्रो सूर्यको द्रव्यमानको ६.५ अरब गुना छ । यो आकाशगङ्गा हाम्रो मिल्की वेभन्दा ठूलो र बढी चमकदार छ ।

यसको मतलब हो कि सबै ब्ल्याक होलबाट शक्तिशाली जेट निस्कन्छ । वैज्ञानिकले अध्ययन गरिरहेका छन् कि जेट कसरी बन्छ । वैज्ञानिकको भनाइ छ जेटलाई विस्तृत ढङ्गले बुझ्न ब्ल्याक होललाई नजीकबाट हेर्नुपर्छ । बितेको महीना जब वैज्ञानिकले ब्ल्याक होलको स्पष्ट तस्वीर देखे, तब यसलाई सम्भव बनाउन मेशिन–लर्निङ प्रविधि प्रयोग गरिएको थियो र त्यही भयो । यस प्रविधिमा वैज्ञानिकले ती अन्तरालहरूलाई भरे जसको तथ्याङ्क उनीहरूले पाएका थिएनन् ।

### फलफूल खाने सही समय

**अनार :** अनार बिहान खानुपर्छ । बिहान अनार खाएपछि दिनभरि शरीरमा ऊर्जा रहन्छ ।

**केरा :** केरा दिउँसो खाँदा यसको अधिकतम लाभ प्राप्त हुन्छ । केरा खाएपछि हाम्रो शरीर ऊर्जावान रहन्छ ।

**सुन्तला :** सुन्तला दिउँसो चार बजेतिर खानु स्वास्थ्यको लागि लाभकारी हुने पाइएको छ ।

**मेवा :** मेवा बिहान खाजा खाएपछि र दिउँसोको खाना खाएपछि खाँदा पाचन प्रणालीमा सकारात्मक प्रभाव पर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## हिमपात र वर्षाका कारण चारधाम हिंडेका तीर्थयात्री रोकिए


हिमपहिरोले ढाकिएको केदारनाथधाम क्षेत्र। तस्वीरः एएनआई

श्रीनगर, १७ वैशाख/एएनआई

भारी हिमपात र भीषण वर्षाका कारण चारधाम यात्रामा निस्केका तीर्थयात्री श्रीनगरमा रोकिएका छन्। बद्रीनाथ र केदारनाथ धाममा भारी हिमपात भएको तथा समथर भूभागमा भीषण वर्षा भएकाले तीर्थयात्रीलाई श्रीनगरमा नै रोकिएको प्रहरीले जनाएको छ।

आवासका लागि अनलाइन बुकिङ गरेका यात्रीलाई रुद्रप्रयागसम्म जाने अनुमति दिइएको तर बुकिङ नभएका यात्रीलाई श्रीनगरमा नै रोकिएको प्रहरीले बताएको छ। श्रीनगरमा यात्रीका निम्ति पर्याप्त आवासको व्यवस्था गरिएको गढवाल प्रहरी प्रमुख रवि सैनीले बताएका छन्। मौसममा सुधार हुनेबित्तिकै उनीहरूलाई गन्तव्यतर्फ प्रस्थानको अनुमति दिइने उनले स्पष्ट गरेका छन्।

उत्तराखण्ड राज्यका मुख्यमन्त्री पुष्करसिंह धामीले शनिवार सबै तीर्थयात्रीलाई कोभिड–१९ लगायत स्वास्थ्यसम्बन्धी सबै परीक्षण समयमैं पूरा गर्न आह्वान गरेका थिए। राज्य सरकारले निर्धारण गरेका नियम पालना गर्न उनले सम्बद्ध सबैलाई आग्रह गरेका छन्। रासस

## कारखानामा ग्याँस चुहिंदा नौजनाको मृत्यु, ११ जना अचेत

पञ्जाब, १७ वैशाख/एएनआई


उद्धार कार्यमा जुटेका राष्ट्रिय विपद् प्रतिकार्य बल (एनडिआरएफ)। तस्वीरः एएनआई

पञ्जाब राज्यको लुधियाना जिल्लास्थित एक कारखानमा आइतवार बिहान ग्याँस चुहिंदा नौजनाको मृत्यु भएको छ भने अन्य ११ जना अचेत अवस्थामा फेला परेका छन्। उनीहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ।

राष्ट्रिय विपद् प्रतिकार्य बल (एनडिआरएफ)को एक समूह घटनास्थल पुगेको छ भने दमकल र चिकित्सकको टोली पनि त्यहाँ पुगेको छ। एनडिआरएफ टोली युद्धस्तरमा उद्धारमा जुटेको छ। घटनास्थल पुगेको प्रहरी टोलीका एक अधिकारीले ग्याँस चुहिएर दुर्घटना भएको बताए पनि त्यस सम्बन्धमा विस्तृत विवरण दिएका छैनन्। अनुसन्धान जारी छ। रासस

## आफ्ना तीन सन्तानलाई झुन्डयाएर मारेपछि आत्महत्या

गया (बिहार), १७ वैशाख/एएनआई

बिहारको गया जिल्लामा एक महिलाले आफ्ना तीन सन्तानलाई झुन्डयाएर मारेपछि आत्महत्या गरेकी छन्। जिल्लाको मग्रा क्षेत्रकी मालती देवीले शनिवार आफ्ना तीनजना बालबच्चाको झुन्डयाएर हत्या गरेपछि आत्महत्या गरेकी प्रहरीले जनाएको छ।

प्रहरीले सार्वजनिक गरेको प्रारम्भिक विवरण अनुसार पतिले सताएपछि उनले पहिले आफ्ना नानीलाई मारेर आत्महत्या गरेकी हुन्। छिमेकीहरूले पनि मालतीको आत्महत्याको कारण उनका पति भएको बताएका छन्।

घरायसी तनावका कारण मालती आत्महत्याको बाटो रोज्न विवश भएकी उनीहरूको भनाइ छ। मालतीका पतिलाई पक्राउ गरेर अनुसन्धान थालिएको छ।

**ब्युटिपार्लर जान नपाउँदा आत्महत्या**

यसैबीच, गत बिहीवार मध्यप्रदेशको इन्दोरकी ३४ वर्षीया एक महिलाले आत्महत्या गरेकी छन्। पतिले ब्युटिपार्लर जाने अनुमति नदिएपछि उनले आत्महत्या गरेकी प्रहरीले जनाएको छ। १५ वर्षअघि बलराम यादवसँग विवाहबन्धनमा बाँधिएकी रीनालाई बलरामले ब्युटिपार्लर नजान् भनेका थिए।

रीनाले ब्युटिपार्लर जान अनुमति माग्दा बलरामले अस्वीकार गरेका अनुसन्धान अधिकृत उमाशङ्कर यादवले बताएका छन्। बिहीवार साँझ कामबाट घर फर्केका बलरामले रीनालाई कोठामा झुन्डिएको अवस्थामा भेटेपछि प्रहरीलाई खबर गरेका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सन्तानसुख | वृष – वाहनकष्ट |
| मिथुन – राज्यलाभ | कर्कट – सुयश |
| सिंह – अन्नलाभ | कन्या – अलमल |
| तुला – प्रसन्नता | वृश्चिक – पदोन्नति |
| धनु – प्रगति | मकर – कष्टानुभूति |
| कुम्भ – नारीसुख | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# फरार सहकारी सञ्चालक अझै पक्राउ परेनन्

वीरगंज, १७ वैशाख/रासस

बचतकर्ताको करोडौं रकम लिई फरार भएका वीरगंजस्थित यादगार बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक अझै पक्राउ पर्न सकेका छैनन्।

वीरगंज महानगरपालिका–१७ रामगढवास्थित यादगार बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राहुल सिंह र कोषाध्यक्ष बलराम साहलगायतका पदाधिकारी बचतकर्ताको रु १० करोडभन्दा बढी रकम लिई फरार भएका छन्। सहकारीमा रानीघाट, अशोकवाटिका, श्रीपुर, रामगढवा लगायत क्षेत्रका बचतकर्ताले बचत गर्दै आएका थिए।

आफूले बचत गरेको रकम लिएर सहकारीका सञ्चालक फरार भएपछि बचतकर्ता चिन्तित बनेका छन्। यस विषयमा वीरगंज महानगरपालिकादेखि जिल्ला प्रहरी कार्यालयसम्म धाए पनि आफूहरूले न्याय नपाएको बचतकर्ताको गुनासो छ।

"हामीले सहकारी संस्थाका पदाधिकारी बचत रकम लिई फरार भएको विषयमा महानगरपालिका र जिल्ला प्रहरी कार्यालय पर्सामा गत २०७९ चैत ८ गते नै जाहेरी दियौं," वीरगंज रानीघाटका बचतकर्ता कुन्दनकुमार गुप्ताले भने, "तर अहिलेसम्म सहकारी संस्थाका कुनै पनि पदाधिकारी तथा कर्मचारी पक्राउ पर्न सकेका छैनन्, जसका कारण हाम्रो पैसा फिर्ता आउने कुनै सुनिश्चितता छैन।"

सहकारी सञ्चालक फरार भएको सन्दर्भमा उजूरी लिएर प्रहरीमा जाँदा महानगरपालिकामा जानु भन्छ, महानगर पुग्दा प्रहरीमैं निवेदन दिनुस् भनिरहेको उनको गुनासो छ। "दुःख गरेर भविष्यको सपना बुनेर बचत गरेको रकम लिएर सहकारी सञ्चालक फरार भएपछि जमीन नै भाँसिएको महसूस भइरहेको छ," प्रियान्सुकुमार गुप्ताले भने, "बचत रकम डुब्दा यतिबेला न खाना खान मन


यादगार बचत तथा ऋण सहकारी संस्थाको कार्यालय भवन। तस्वीरः फाइल

लाग्छ, न कोहीसँग बोल्न पनि मन मान्दैन," जतिबेला पनि चिन्ताले सताइरहेको छ, उनले दुःखेसो पोखे। उनले सहकारीमा रु २० लाख बचत गरेका थिए।

"करीब तीन/चार महीनादेखि नै सहकारीमा शङ्कास्पदरूपमा कार्य भइरहेको थाहा पाएपछि बचत भएको रु १० लाख रकम झिक्न सहकारीमा गएको थिएँ," नीलमदेवी दासले भनिन्, "कोषाध्यक्ष साहले बचत फिर्ता पाउनुहुन्छ हामी भाग्ने होइन भन्दै विश्वास दिलाउनुभयो। अहिले उहाँहरू सम्पर्कमा हुनुहुन्न।"

सहकारीका सञ्चालक फरार भएको भन्दै १० जना पीडित बचतकर्ता निवेदन लिएर महानगरपालिका आएको र पीडितलाई न्याय दिलाउन कसरी अघि बढ्नेमा आफूहरू पनि अन्योलमा रहेको वीरगंज महानगरपालिकाका सहकारी शाखा प्रमुख सुनीलकुमार कर्णले बताए।

"सर्वसाधारणको रकम डुब्दा हामी अत्यन्तै दुःखी छौं," प्रमुख कर्णले भने, "तर हामीसँग न त प्रहरी छ, न फरार भएकालाई खोजी गर्ने कुनै उपाय छ, त्यसैले हामी पीडितको निवदेनसहित जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र पठाइदिएका छौं।"

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले पीडितबाट जाहेरी आएदेखि नै सहकारीका फरार सञ्चालकको खोजी भइरहेको जानकारी दिए।

पीडितको जाहेरी सन्दर्भमा के सम्बन्धी मुद्दा प्रभावकारी हुन सक्छ त्यस विषयमा जिल्ला सरकारी वकीलको कार्यालयसँग पनि छलफल भइरहेको जानकारी दिंदै प्रनाउ गिरीले सरकारी वकीलसँग सल्लाह लिएर मुद्दा अघि बढाइने बताए।

## लुटपाटको लागि नीराको हत्या, एकजना पक्राउ

काठमाडौं, १७ वैशाख/रासस

काठमाडौंको कपनस्थित सरस्वती नगरमा वैशाख ७ गते भाँडा व्यवसायी ३५ वर्षकी नीरा पाण्डे आचार्यको लुटपाटका लागि हत्या भएको पाइएको छ।

प्रहरीले लामो अनुसन्धान गरी घटना भएको ११औं दिनमा आज त्यसको कारणबारे जानकारी गराउँदै लुटपाट गर्ने उद्देश्यले हत्या भएको पाइएको जनाएको छ। यद्यपि थप छानबीन र अन्य कारण खुल्न सक्ने प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले जनाएको छ।

नीराको हत्या गरेको आरोपमा शनिवार झापामा पक्राउ परेका विनोद विकलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले आज सार्वजनिक पनि गरेको छ। उनी झापा मेचीनगर नगरपालिका–१० घर भई भक्तपुर नगरपालिका–१ लोकन्थली डेरा गरी बस्दै आएका थिए।

उनले आफूले नै हत्या गरेको बयान दिएको सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जानकारी दिए। उनका अनुसार लुटपाटका क्रममा उनले प्रतिकार गरेपछि भाँडापसलमैं भएको चक्कुले शरीरका विभिन्न ठाउँमा घोचेर हत्या गरेका थिए।

नीराले एक दशकअघिदेखि काठमाडौं महानगरपालिका–६ सरस्वती नगरस्थित निरु किचेन एन्ड गिफ्ट स्वभिनर सञ्चालन गर्दै आएकी थिइन्। प्रहरीले दिएको जानकारी अनुसार शुरूमा आरोपी विक क्यासिनोमा काम गर्ने गरेको र पछि काठमाडौंमा बाउन्सरको रूपमा जागीर गरेका थिए। जुवा खेल्ने क्रममा ऋण लागेपछि उनी लुटपाटमा संलग्न भएको र त्यही क्रममा नीराको पसलमा पुगेका थिए।

घटना घटाएर झन्डै एक हप्ता उनी भक्तपुरको लोकन्थलीमा लुकेर बसेका र त्यसपछि झापा गएको पनि प्रहरीले जनाएको छ। उनले घटना घटाएर नीराको सुनको सिक्री र काउन्टरमा भएको पैसा लिएर गएका थिए। त्यो सिक्री काठमाडौंको तारकेश्वरस्थित पाथीभरा सुनचाँदी पसलमा धरौटी छाडेर रु ५५ हजार लिएर गएको पनि खुलेको छ। हत्याका बेला लगाएको कपडा, जुत्ता तथा झोलासमेत प्रहरीले बरामद गरेको छ।

उक्त हत्याको अनुसन्धानमा शुरूमा जिल्ला प्रहरी परिसर र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अनुसन्धान गरेको थियो। तर त्यो अनुसन्धान निष्कर्षमा पुग्न नसकेपछि सिआइबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) किरण बज्राचार्यको नेतृत्वमा उच्चस्तरको समिति गठन गरिएको थियो।

समितिमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख र जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुखसमेत सहभागी थिए।

हत्याको दिन पसलमा सामान किन्न भनेर उनी पसलमा पसेका थिए। कुरा गर्न खोज्दा अरू मान्छे पनि आएपछि एटिएमबाट पैसा झिकेर आउँछु भनेर निस्किएका सिआइबीका प्रहरी उपरीक्षक सञ्जयसिंह थापा बताउँछन्। दोस्रोपटक एक्लै भएको मौका पारेर उनले घटना घटाएका थिए।

वैशाख ७ गते अपराह्न पसलमा बसिरहेका बेला ३५ वर्षीया नीरा पाण्डे आचार्यको चक्कुले शरीरका विभिन्न अङ्गमा प्रहार गरी हत्या गरिएको थियो। गम्भीर अवस्थामा फेला परेकी उनलाई उपचारका लागि शिक्षण अस्पतालमा लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए।

बागलुङ घर भएकी उनी त्यहाँ भाडामा भाँडापसल गर्दै आएकी थिइन्। केही मिनेटको दूरीमा रहेको उनको कोठाको तल्लो सटरमा पतिको इलेक्ट्रोनिक्स पसलसमेत रहेको छ।

त्यस दिन नीरा पसलमैं एक्लै रहेकी थिइन्। भाँडापसलको पछाडि काउन्टर थियो। प्रायः पसलमा ग्राहक नआएका बेला उनी त्यतै बस्थिइन्। त्यही बेला उनीमाथि आक्रमण भएको थियो। पछाडि भएकाले वरपर घटनाबारे थाहा हुन सकेन। सिसी क्यामरा नभएकाले



प्रहरीलाई अनुसन्धान गर्नसमेत हम्मेहम्मे परेको थियो। पछि वरपरका सिसी क्यामरा हेरेर अध्ययन गरिएको थियो।

घटनापछि एकजना महिला भाँडा किनेको उधारो तिर्न आएकी थिइन्। पसलमा नीरा थिइनन्।

त्यसपछि नीराको पतिलाई फोन गरेर कोही छैन दोकानमा भनिन्। पतिले पछाडि काउन्टर छ, त्यतैतिर होलिन् भित्र गएर हेर्नु न भनेर जवाफ दिएका थिए।

भित्र काउन्टर नजीक गएर हेर्दा उनी रक्ताम्मे भएर ढलिरहेकी देखेपछि उनले नै प्रहरीमा खबर गरेकी थिइन्। घटना भएको केही घण्टाअघि उनले लामखुट्टे नियन्त्रण गर्ने ब्याटको सामाजिक सञ्जालमा प्रचार गरेको पाइएकाले घटनामा पारिवारिक कारण नभएको प्रहरीले यसअघि नै निष्कर्ष निकालेको थियो।

यसअघि घटनाका दोषीलाई पत्ता लगाइ कारबाही गर्न नसकेको भन्दै स्थानीयले घटनास्थलमा प्रदर्शनसमेत गरेका थिए।

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MBLJAR038J9G66605, इन्जिन नं JA05EGJ9G13913 भएको ना.६०प २०८२ नम्बरको हिरो मोटर्स कम्पनीको १२४ सिसीको (सन् २०१८) सुपर स्प्लेन्डर मोटरसाइकल २०८०/१/१७ गते बिहान ८:४५ बजे वीरगंज महानगर–११, नयाँबस्ती घर अगाडिबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८१११६६८२० मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

-दीपक दहैत थारू
सखुवाप्रसौनी गाउँपालिका-२, पर्सा

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# होटल व्यवसायलाई उद्योगसरह मान्यता दिन माग

प्रस, परवानीपुर, १७ वैशाख/

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले होटल तथा पर्यटन क्षेत्रलाई उद्योगसरह मान्यता दिने बताएका छन्। आइतवार होटल तथा पर्यटन व्यवसायीहरूले बुझाएको ज्ञापनपत्र बुझ्दै उनले नीतिगत र प्रक्रियागत अड्चनहरूलाई सच्याएर होटल तथा पर्यटन क्षेत्रलाई उद्योगसरह मान्यता दिने बताए।

मन्त्री रिजालले कोभिडदेखि हालसम्म होटल तथा पर्यटन क्षेत्रले सबैभन्दा बढी क्षति बेहोरेकोले यस क्षेत्रसँग सदाशयता रहेको बताए।

होटल तथा पर्यटन व्यवसायी सङ्घ, वीरगंजका अध्यक्ष हरि पन्त नेतृत्वको होटल व्यवसायीहरूको टोलीले काठमाडौंको पुलचोकस्थित मन्त्री निवासमा पुगेर ज्ञापनपत्र बुझाएको थियो। अध्यक्ष पन्तले देशभरि करीब ८० हजार होटल तथा पर्यटन व्यवसायी रहेका र यस क्षेत्रलाई सरकारले उद्योगको मान्यता दिए बिजुलीको महसूलदेखि अन्य सुविधा पाउने बताए।

अध्यक्ष पन्तले बुझाएको ज्ञापनमा विनाशकारी भूकम्प, नाकाबन्दी, विभिन्न चरणका आन्दोलन र कोरोना महामारीले होटेल तथा पर्यटन व्यवसाय ठप्प बनाएको बताउँदै सरकारले पनि यस क्षेत्रको उत्थानको लागि केही नगरेको उल्लेख छ।


उद्योगमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै टोली। तस्वीरः सौजन्य

होटेल तथा पर्यटन व्यवसाय पुनः तङ्ग्रिने आशामा भिजिट नेपाल २०२० कार्यक्रम पनि प्रभावकारी नभएको, कतिपय होटेलहरू तथा रेस्टोरेन्ट ऋणमा डुबेर बन्द भएका, होटेलमा रोजगार सङ्कुचनमा परेको, होटेल भाडा बक्यौता रहेकालगायत यावत समस्याका कारण यस क्षेत्रले थुप्रै चुनौती सामना गरिरहँदा सरकारले तत्काल सहुलियत र राहत प्रदान गर्नुपर्ने उल्लेख गरिएको छ।

उनले उद्योगसरह मान्यता पाए उद्यम र रोजगारको भरपर्दो स्रोत, वैदेशिक मुद्रा आर्जनको माध्यम र देशको आर्थिक विकासमा राज्यद्वारा नै महत्त्वपूर्ण मानिएको होटेल तथा पर्यटन व्यवसायको विकासमा मदत मिल्ने बताए।

टोलीमा सङ्घका वरिष्ठ उपाध्यक्ष रचिन्द्र थापा, केन्द्रीय सदस्यहरू माधव बस्नेत, हीरा श्रेष्ठलगायतको सहभागिता थियो।

## औषधि/खुद्रा सामान बोकेको ट्रक नियन्त्रण

प्रस, वीरगंज, १७ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी औषधि तथा खुद्रा



तस्वीर सौजन्यः जिप्रका, पर्सा

सामान लोड गरिएको ट्रक नियन्त्रणमा लिई आइतवार राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको छ।

वीरगंजबाट रूपन्देहीतर्फ जाँदै गरेको ना.४ख ८७४० नम्बरको ट्रकलाई शुक्रवार घण्टाघरमा चेकजाँच गर्दा ट्रकमा बिलबीजकभन्दा बढी औषधि र खुद्रा सामान भेटिएपछि कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया बुझाएको जिप्रका, पर्साले जनाएको छ।


## चटयाङबाट आफू बचौं र अरूलाई पनि बचाऔं।

**चटयाङ पर्ने सम्भावना भएको बेला**

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रूखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबारनजीक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तैः टिभी, कम्प्युटर, फ्रिज, वाशिङ मेशिन, मोबाइल फोननजीक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्यान्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## रिलेमा सुदूरपश्चिमको कीर्तिमान

काठमाडौं, १७ वैशाख/रासस

सुदूरपश्चिम प्रदेशले १३औं केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिता अन्तर्गत एथलेटिक्सको छात्र चार गुणा चार सय मिटर रिलेमा आइतवार जुनियर राष्ट्रिय कीर्तिमान कायम गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा चन्द्र बोहरा, अमित आउजी, कविर कामी र सुक्विर पोखरेल सम्मिलित सुदूरपश्चिमको टोलीले तीन मिनेट ३१ सेकेन्डमा निर्धारित दूरी तय गर्दै नयाँ जुनियर राष्ट्रिय कीर्तिमान रचेको हो।

लुम्बिनी प्रदेशका सिमन पाण्डे, लेखनाथ महरा, वेद ओली र श्रवण केवटको टोलीले २०७६ सालमा स्थापित गरेको तीन मिनेट ३२ दशमलव तीन सेकेन्डको कीर्तिमान सुदूरपश्चिमले भङ्ग गरेको हो। प्रतियोगितामा योसहित जम्मा तीन जुनियर राष्ट्रिय कीर्तिमान बनेका छन्।

अघिल्लो दिन लुम्बिनीका सुदीप थारूले छात्र लङजम्प तथा सुदीप नै सम्मिलित सुजल डाँगी, तुलसीराम थारू र रोशन थारूको टोलीले चार गुणा एक सय मिटर रिलेमा कीर्तिमान बनाएको थियो।

छात्रा चार गुणा चार सय मिटर रिलेमा लुम्बिनीले स्वर्ण, सुदूरपश्चिमले रजत तथा कर्णालीले कांस्य पदक जिते। त्यस्तै, छात्र दुई सय मिटर दौडमा लुम्बिनीका सुजल डाँगीले स्वर्ण जिते। उनले निर्धारित दूरी २३ सेकेन्डमा पूरा गरे। सुजलले योसहित प्रतियोगितामा एक कीर्तिमानीसहित तीन स्वर्णपदक हात पारे। उनले एक सय मिटर दौडमा पनि स्वर्ण जितेका थिए। यसैगरी, तीन हजार मिटर दौडमा सुदूरपश्चिमका अमित आउजी पहिलो भए। उनले निर्धारित दूरी तय गर्न नौ मिनेट २८ दशमलव एक सेकेन्ड समय खर्चे। ट्रिपलजम्पमा कोशीका राजीव ढुङ्गाना (१३ दशमलव ५० मिटर) तथा सटपुटमा कर्णालीका धीरेन्द्र विक (१२ दशमलव शून्य नौ मिटर)ले शीर्ष स्थान हात पारे।

छात्रा दुई सय मिटर दौडमा लुम्बिनीकी रेसु चौधरी २८ सेकेन्ड समयका साथ पहिलो स्थानमा रहिन्। रेसुले ट्रिपलजम्पमा पनि (१० दशमलव १४ मिटर) स्वर्ण जितिन्। रेसुले प्रतियोगितामा तीन व्यक्तिगतसहित चार स्वर्ण चुमिन्। रेसुले एक सय मिटर दौड र चार गुणा एक सय मिटर रिलेमा पनि स्वर्ण जितेकी थिइन्।

तीन हजार मिटर दौडमा लुम्बिनीकी मोतीकला डाँगीले ११ मिनेट २४ दशमलव पाँच सेकेन्डमा दूरी पूरा गर्दै पहिलो भइन्। सटपुटमा वाग्मतीकी अप्सरा श्रेष्ठ (आठ दशमलव ६२ मिटर)ले स्वर्ण हात पारिन्।

एथलेटिक्समा लुम्बिनीको वर्चस्व रह्यो। जम्मा २६ स्वर्णका लागि भएको प्रतिस्पर्धामा लुम्बिनीले १६ स्वर्णपदकमा कब्जा गर्‍यो। कर्णालीले तीन, वाग्मती, सुदूरपश्चिम र गण्डकीले समान दुई/दुई तथा कोशीले एक स्वर्ण जिते।

## "ए" डिभिजन फूटबल : जाउलाखेल र सङ्कटाको खेल बराबरी

काठमाडौं, १७ वैशाख/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत आइतवार भएको जावलाखेल युथ क्लब र सङ्कटा



क्लबबीचको खेल बराबरीमा सकिएको छ।

सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फूटबल सङ्घ) कम्प्लेक्समा भएको खेलमा लिग लिडर जावलाखेल र सङ्कटा क्लबबीचको खेल एक/एक गोलको बराबरीमा टुङ्गिएको हो। खेलमा पहिलो अग्रता भने जाउलाखेलले लिएको थियो।

खेलको ३३औं मिनेटमा जाउलाखेलका विदेशी खेलाडी फोडे फोफानाले गोल गर्दै सुरुआती अग्रता दिलाएका थिए। जाउलाखेलको १–० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन। खेलको ७३औं मिनेटमा सङ्कटाका खेलाडी निशान खड्काले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए।

यस बराबरी खेलसँगै जावलाखेलले १३ खेलमा २४ अङ्क जोडेको छ। जावलाखेल अङ्कतालिकाको शीर्ष स्थानमा छ। त्यस्तै, समान १३ खेल नै खेलको सङ्कटा १६ अङ्क जोडेर अङ्कतालिकाको ११ औं स्थानमा छ।

## उच्च अदालत बार एशोसिशनद्वारा दबाबमूलक कार्यक्रम

दिनेश मिश्र, वीरगंज, १७ वैशाख/


तस्वीरः प्रतीक

न्यायपालिकामा व्याप्त भ्रष्टाचार, विकृति, विसङ्गतिको अन्त्य तथा न्यायपालिकाप्रति जनआस्था अभिवृद्धिका लागि उच्च अदालत बार एशोसिएशन, वीरगंजले आइतवार दबाबमूलक कार्यक्रम गरेको छ।

यसअघि केन्द्रीय बार एशोसिएशनले देशभर लगातार आन्दोलन गर्दा पनि माग सम्बोधन नभएको र पुनः आन्दोलनमा उत्रिनुपरेको उच्च बार एशोसिएशन, वीरगंजका अध्यक्ष विशाल चौधरीले बताए। उनले स्वतन्त्र न्यायपालिकाको रक्षा, न्यायालयभित्रको भ्रष्टाचार, विकृति, विसङ्गति, प्रधानन्यायाधीशको नियुक्ति, सर्वोच्च अदालतलगायत सबै तहका अदालतमा रिक्त न्यायाधीश यथाशीघ्र नियुक्ति, संवैधानिक दायित्व पूरा, संसदीय सुनुवाइ समिति गठन, संवैधानिक परिषद्को बैठक जस्ता आठ बुँदे माग राखी दबाबमूलक कार्यक्रम गरिएको बताए। आजदेखि शुरू भएको आन्दोलन सात दिनसम्म सञ्चालन हुने उनले बताए।

## भाटभटेनीको कारोबार एक महीनामा १५ करोडभन्दा बढी

राधेश्याम पटेल, परवानीपुर, १५ वैशाख/

वीरगंजस्थित भाटभटेनीले पछिल्लो एक महीनामा १५ करोड रुपैयाँभन्दा बढीको कारोबार गरेको छ।

नेपालकै सबैभन्दा ठूलो सपिङमल भाटभटेनी सुपरमार्केटको वीरगंज भाटभटेनीले गएको एक महीनामा १५ करोडभन्दा बढीको कारोबार गरेको भाटभटेनीका व्यवस्थापक विनोद भट्टराईले जानकारी दिए। भाटभटेनी सुपर स्टोर्स नेपालका क्षेत्रीय प्रबन्धकसमेत रहेका भट्टराईले गत चैत ९ गते भाटभटेनीको वीरगंज शाखा उद्घाटन भएकोमा कारोबार अपेक्षाभन्दा राम्रो भइरहेको बताए।

"उद्घाटन भएदेखि एक सातासम्म खूबै भीड थियो, दैनिक ८० लाखदेखि एक करोडसम्म पनि कारोबार हुन्थ्यो," उनले भने, "अहिले दैनिक ५० लाखमाथि कारोबार भइरहेको छ।" औसतमा एक महीना सात दिनको कारोबार हेर्दा रु १५ करोडभन्दा बढीको कारोबार भएको


तस्वीरः प्रतीक

उनले स्पष्ट पारे।

वीरगंज भाटभटेनीको कारोबार राम्रो भइरहेको र उपभोक्ताको चाप दिनदिनै बढ्दै गएपछि छुटको अफरलाई पनि निरन्तरता दिंदै लैजाने भट्टराईले बताए।

वीरगंजको भाटभटेनीमा चिनीको बिक्री अत्यधिक रहेको उनले बताए। पर्सा, बारा, रौतहट तथा बिहारका सीमावर्ती शहरबाट पनि उपभोक्ताहरू भाटभटेनीमा किनमेलका लागि आउने गरेको उनले बताए। भारतका सीमावर्ती शहरका उपभोक्ताहरूको चाप शुक्रवार, शनिवार र आइतवार अत्यधिक रहेको उनको भनाइ छ।

सो स्टोरमा म्याद गुज्रिएका सामान बिक्री भइरहेको, माग गरिएका सामान पर्याप्त मात्रामा नपाएको एवं तोकिएको छुट अनुसार छुट दिने नगरिएको केही उपभोक्ताहरूले गुनासा गरेका छन्। यस सम्बन्धमा भट्टराईले भने, "केही जायज गुनासा पनि छन्, केही हचुवाको भरमा पनि आरोप लगाइएका छन्, तर हामी उपभोक्ताका विश्वासलाई जित्न कमीकमजोरीलाई सम्बोधन गर्दै प्रभावकारी एवं गुणस्तरीय सेवा दिन तत्पर छौं।"